लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित

जि.प्र.का.द.नं. :-१३/०७६/०७७
जि.हु.द.नं. १/०८२/०८३

# म्याग्दी नेपाल

MYAGDI NEPAL WEEKLY

www.erupse.com साप्ताहिक

वर्ष ७, अंक ३४ २०८२ साउन ३० गते शुक्रबार (Friday 15 August 2025) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु १०/-

**हार्दिक शुभकामना**

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको म्याग्दी नेपाल साप्ताहिक पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछौं ।

**होटल जोमसोम प्राइड**

जोमसोम मुस्ताङ०६९-५६००८३,९८२४७२३१३६

## घरपझोङको जलवायु सम्मेलन

हिमालपारीको जिल्ला मुस्ताङको घरपझोङ गाउँपालिकाले आउँदो भदौ ३० र ३१ गते जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय सम्मेलनको आयोजना गरेको छ । घरपझोङको समृद्धि : कृषि पर्यटन र संस्कृति भन्ने मुल नाराका साथ आयोजना गरिएको सम्मेलनमा देशैभरबाट सक्दो धेरै सहभागिता सहित नयाँ निचोड निकालीने बताइएको छ ।

गाउँपालिकाले जलवायु परिवर्तन सम्मेलनमा सहभागी हुनका लागि देशैभरका सबै स्थानीयतहलाई आमन्त्रण गरेको छ । देशैभरका अन्य ७५२ स्थानीय तहका प्रमुखहरूलाई सम्बोधन गरी पत्राचार गरिएको गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले जानकारी दिनुभाये । उहाँका अनुसार विश्वका विकसित राष्ट्रका कारणले गर्दा भएको जलवायु परिवर्तनको पिडा नेपाल र हिमाली क्षेत्रले भोग्नु परेकोले यसको सुधारका लागि प्रयास गर्न सम्मेलन आयोजना गरिएको हो । जलवायु परिवर्तनका कारण देशव्यापी रुपमा नेपालका तराई, पहाड र हिमाली क्षेत्रहरूमा परेको असर न्यूनिकरण साथै जलवायु परिवर्तन अनुर्कुलन व्यवस्थापनका लागि सबै स्थानीय तहहरूको ऐक्यबद्धता जाहेर गरी सन्देश प्रवाह गर्नु सम्मेलनको मुल ध्येय हो । विश्वमै एक मात्र शालिग्राम पाईने पवित्र नदी कालीगण्डकी र मुक्तिनाथ भगवानको काखमा रहेको मुस्ताङ जलवायु परिवर्तनले गर्दा अस्तीत्व संकटमा पुग्न सक्ने सम्मको अवस्थामा पुगेको ले पनि सम्मेलन गर्नु परेको उहाँको धारणा छ ।

मुस्ताङको सदरमुकाममा रहेको जोमसोम कभर्डहलमा हुने उक्त सम्मेलनमा देशैभरका सबै स्थानीयतहबाट प्रतिनिधित्वका लागि प्रयास गरिएको प्रमुख प्रशासकिय अधिकृत बेदहरि अधिकारीले जानकारी दिनुभयो । उहाँले मुलुकभरका सबै स्थानीयतहलाई आफ्नो अवस्था र जलवायु परिवर्तनबाट परेको असरको बारेमा जानकारी दिनु र यसको न्यूनिकरणका लागि सबैको सहकार्य गरिनु नै मुल ध्येय रहेको बताउनुभयो ।

जलवायु सम्मेलनमा सहभागी हुने पालिकाहरूलाई भदौ २० गते भित्र नाम उपलब्ध गराउन समेत आग्रह गरीएको छ । स्थानीय व्यवस्थापनका लागि १० दिन पहिल्यै नामावली उपलब्ध गराउन आग्रह गरीएको अध्यक्ष लालचनले बताउनुभाये । साथै हरेक स्थानीय तहलाइ जलवायु परिवर्तनको असर सम्बन्धमा रहेको धारणा समेत गाउँपालिकाको इमेल ठेगानामा पठाईदिन अनुरोध गरिएको छ । उक्त धारणा स्थानीय तहको नाममा सम्मेलन स्थलमा प्रदर्शनीमा राखिने जनाइएको छ ।

# पर्यटन व्यवसायमै तीन दशक

**अमृत बास्कुने**




पर्यटकीय दृष्टिकोणल महत्वपूर्ण मुस्ताङ भ्रमणका लागि आउने अधिकांश पर्यटकहरूका लागि महत्वपूर्ण स्थल हो बेनी नगरपालिका-८ गलेश्वर । यही गलेश्वर क्षेत्रमा पर्यटन व्यवसयमा सक्रिय हुनुहुन्छ टंकलाल श्रेष्ठ । बेनी-जोमसोम-कोरला कालिगण्डकी करीडोर क्षेत्र पर्यटन व्यवसायका लागि निकै राम्रो मार्ग हो । यही करिडोर क्षेत्रमै ३० वर्षदेखि पर्यटन व्यवसायमै सक्रिय हुनुहुन्छ काभ्रे जिल्लाको नमोबुद्ध नगरपालिका-५ का टंकलाल श्रेष्ठ । नेपाल तथा भारतमा समेत चर्चीत धार्मिकस्थल मुक्तीनाथ दर्शनका लागि आउने हरेक पर्यटकहरूका लागि लक्षित गरेर उहाँले गलेश्वरधाम क्षेत्रमा सात करोड भन्दा बढीको लागतमा होटल ताजमहल सञ्चालनमा ल्याउनु भएको छ ।

टंकलालले सञ्चालन गर्नुभएको ताजमहलमा २४ वटा व्यवस्थीत तथा अकर्षक एट्याच कोठाहरू रहेका छन् । व्यवस्थीत बास बस्न चाहने पर्यटकहरूका लागि लक्षित गरी सञ्चालनमा ल्याइएको होटल ताजमहल लज एण्ड रेष्टुरेन्ट निर्माण गरी सञ्चालनमा ल्याउँदा सम्म सात करोड भन्दा बढीको लगानी भएको उहाँको भनाई छ । लामो समय कालिगण्डकी करिडोर क्षेत्रमै गरेको रोजगारीले ल्याएको मनको रहर पुरा गर्न आफ्नै लगानीमा घडेरी खरिद गर्नुभएका श्रेष्ठले त्यही घडेरीमा निर्माण गरेको भवनमा व्यवसाय सञ्चालन गर्नुभएको हो । उहाँले वि.सं. २०७५ सालमा जग्गा खरिद गर्नुभएको थियो । जग्गा खरिद गरेर निर्माण थाल्नु भएको उहाँले २०७८ देखि भने होटल ताजमहलबाट फुलफेजमा सेवा दिन थालेको बताउनुहुन्छ ।

पर्यटन व्यवसायमै किन त भन्ने प्रश्नमा श्रेष्ठ भन्नुहुन्छ-'पर्यटन व्यवसायमा लाग्नका लागि भन्दा पनि रोजगारीको शिलशिलामा पहिलो पटक बि.सं. २०५३ सालमा काभ्रेबाट मुस्ताङको लेते पुगेको थिए, त्यही काम गर्दै जाँदा पछि तल्लो क्षेत्र झर्दै अहिलेको व्यवसाय सम्म आइपुगेको हुँ ।' हालको थासाङ गाउँपालिकाको लेते स्थीत कालोपानीमा रहेको कालोपानी गेष्ट हाउसमा कर्मचारीको रूपमा काम थाल्नु भएका श्रेष्ठले पाँच वर्ष सम्म उक्त स्थानमा काम गर्नुभयो । नेपाली कांग्रेस मुस्ताङका पार्टी सभापति एवम् पूर्व मन्त्री रोमी गौचन थकालीको उक्त कालोपानी गेष्ट हाउसमा तत्कालिन अवस्थामा बालमजदुरका रूपमा आफूलाई होम्नुभएका उहाँले मुस्ताङमा पाँच वर्ष रोजगारी गरेपछि म्याग्दी सदरमुकाम बेनीमा आएर रोजगारी गर्न थाल्नु भयो । बेनीमा रहेको म्याग्दीकै पुरानो होटल यतीमा उहाँले २०५८ देखि ०६७ सम्म रोजगार गरेको सुनाउनुहुन्छ ।

उहाँले २०६७ देखि ७ वर्ष सम्म गलेश्वरमा रहेको कृष्ण कुमार शेरचनको होटल रिभरसाइड पनि लिजमा लिएर सञ्चालन गर्नुभएको थियो । होटल रिभरसाइड बिक्री भए पश्चात त्यसै क्षेत्रमा रहेको होटल मदरल्याण्ड तीन वर्ष सञ्चालन गरेपछिको लामो समय सम्म होटल व्यवसायकै अनुभवले गर्दा आफ्नै लगानीमा व्यवसाय सञ्चालन गर्ने चाहना अनुरूप ताजमहल सञ्चालन गर्ने जमर्को गरेको हुँ-श्रेष्ठले भन्नुभयो ।

पछिल्लो चार वर्षदेखि

*बाँकी पाँचौं पृष्ठमा*

**हार्दिक शुभकामना**

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको म्याग्दी नेपाल साप्ताहिक पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछौं ।

सार्वजनिक सम्पत्तिको संरक्षण गरौं, अतिक्रमण नगरौं, सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानी नोक्सानी हुँदा सम्बन्धीत निकायमा जानकारी गराउनु नागरिको कर्तव्य हो ।

**समयमै व्यक्तिगत घटना दर्ता गरौं** : व्यक्तिको कानुन पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, बिबाह, बसाइसराइ र सम्बन्ध बिच्छेद लगायतका घटनाहरु ३५ दिन भित्रै आफ्नो वडा कार्यालयमा दर्ता गराइ सचेत नागरिकको परिचय दिऔं ।

**बेनी नगरपालिका**

बेनी बजार, म्याग्दी

**हार्दिक शुभकामना**

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको म्याग्दी नेपाल साप्ताहिक पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछौं ।

सार्वजनिक सम्पत्तिको संरक्षण गरौं, अतिक्रमण नगरौं, सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानी नोक्सानी हुँदा सम्बन्धीत निकायमा जानकारी गराउनु नागरिको कर्तव्य हो ।

**समयमै व्यक्तिगत घटना दर्ता गरौं** : व्यक्तिको कानुन पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, बिबाह, बसाइसराइ र सम्बन्ध बिच्छेद लगायतका घटनाहरु ३५ दिन भित्रै आफ्नो वडा कार्यालयमा दर्ता गराइ सचेत नागरिकको परिचय दिऔं ।

**अन्नपूर्ण गाउँपालिका**

पोखरेबगर, म्याग्दी

सम्पादकीय

# पर्यटनको सम्भावना

म्याग्दी जिल्लाका सञ्चारकर्मीहरुको समूहले पर्यटकीय महत्वका स्थलहरुमा पुगेर प्रवर्द्धनको थालनी गर्नु आफैमा सराहनीय कार्य हो । म्याग्दी जिल्लालाई कार्यक्षेत्र बनाएका पत्रकारहरुले गरेको यो काम अहिलेको मात्रै पक्कै पनि होइन । नेपाल पत्रकार महासंघको अगुवाइमा बेनी नगरपालिका क्षेत्र भित्रको पर्यटकीय स्थलको प्रवर्द्धनका लागि पत्रकारहरुको अग्रसरताले समग्र विकासमा पनि टेवा पुग्ने नै छ । पर्यटन प्रवर्द्धनका लागि राज्यले भन्ने गरेको तीन खम्बे नीति आवश्यक पर्छ नै । सरकार नीजि क्षेत्र र सञ्चार । सरकारको तर्फबाट सहजीकरण तथा सहकार्य र उचित लगानी, नीजि क्षेत्रको लगानी तथा पत्रकारको प्रचारप्रसार हुने हो भने पर्यटनको विकासका लागि उचित खालको राम्रो कार्य पक्कै पनि हुन्छ नै ।

हिमाली जिल्ला म्याग्दी पर्यटनको उचित सम्भावना भएको जिल्ला हो । म्याग्दीका हरेक क्षेत्र पर्यटकलाई लोभ्याउनका लागि नै तयारी अवस्थामा बसेका हुन् कि जस्तो भान हुने खालका छन् । कुनै पनि स्थानहरुबाट उचित ध्यान खिच्ने खालका दृष्यहरु नदेखिएलान् भन्ने नै छैन । हामीले गर्ने काम र हामीबाट हुने कार्यको पनि केही प्रचार गरेको खण्डमा पर्यटकको आवागमनलाई बढावा दिन अवश्य पनि सकिन्छ । पत्रकारहरुको टोली पुलस्त्य पुलहाश्रम पुगेर पर्यटन विकासका लागि गरेको ११ बुँदे घोषणाले सबैको ध्यान तान्नका लागि नै हो भन्दा फरक पर्दैन । हरेक बुँदाहरुले पर्यटन अकर्षणकै लागि प्रयास गरेका छन् । पर्यटन क्षेत्र यस्तो क्षेत्र हो एक पटक लगानी गरेपछि त्यसले कालन्तर सम्म पनि ध्यान खिचिरहन्छ । प्रकृतिक दृष्य अनि प्रकृतिले नै दिएका चिजबिज देखाउने उद्देश्यलाई मजबुत बनाउनका लागि गरिनु पर्ने भनेको मात्रै भौतिक पूर्वाधार हो । पूर्वाधार निर्माण गरियो भने पचासौं वर्ष सम्म पनि त त्यो टिक्छ । त्यस्तो टिकाउ निर्माणका लागि हुने लगानीका सन्दर्भमा ध्यान केन्द्रीतगरेर एक पटकको लगानीले वर्षौं सम्म पनि पुग्ने हुनाले पनि यस क्षेत्रको सम्भावना र भविष्य पनि राम्रो छ ।

नेपाल पर्यटकीय सम्भावनाहरु धेरै भएको मुलुक हो भन्नेमा कुनै कसैको पनि दुइमत छैन । अहिलेकोअवस्था हेर्ने हो भने पनि त्यसलाई नकार्न सकिने अवस्था छैन । वार्षिक सरदर अवस्था हेर्दा पनि भारत बाहेक तेश्रो मुलुकबाटै वार्षिक रुपमा भित्रने १० लाख भन्दा धेरै पर्यटकले पनि यसैलाई इंगित गरेको हुन्छ नै । हामी सँग सम्भावनाका ढोकाहरु धेरै हुँदाहुँदै पनि हामीले कति ढोका खोल्न सक्यौं कि सकेनौं भन्ने सवाल पनि उठ्नु पर्छ । सम्भावनालाई बढाउनका लागि पनि त मेहनत गर्नु पर्ने हुन्छ । कसैले केही थालनी गर्नु पर्ने हुन्छ र त्यो थालनीले पनि सबैको ध्यानलाई मलजल गर्नु पर्ने पनि त हुन्छ । कुन र के भन्ने सवाल उठ्नु पर्छ र उठेको पनि त छ । म्याग्दी जिल्ला भित्र पनि धेरै सम्भावना हुदै गर्दा पनि त्यसलाई सहजीकरण गर्ने र त्यो सम्भावनालाई यथार्थमा परिणत गर्ने तर्फ भने हाम्रो ध्यान पुग्न सक्यो कि सकेन त? त्यस तर्फ पनि ध्यान दिन जरुरी छ । बेनी नगरपालिकाले एक वडा एक पर्यटकीय स्थान पहिचान र प्रचार थालेको अवस्थामा त्यसै गरी सबैले गर्ने हो भने पनि थप ४५ वटा पर्यटकीय सम्भावनाका स्थानको पहिचान हुन्छ । पहिचान सँगै प्रचार उचितगर्ने र त्यसबाट स्थानीयले फाइदा लिन तर्फ पनि लाग्ने कि ?

# म्याग्दीमा पर्यटन, सम्भावना र चुनौती






नेपालको साविक पश्चिमाञ्चल क्षेत्रको धवलागिरी अञ्चलको चार जिल्ला मध्य भागमा अवस्थीत पूर्वमा पर्वत, कास्की, मनाङ, पश्चिम र दक्षिणमा बागलुङ उत्तरमा मुस्ताङ, डोल्पा बिचमा सामुन्द्रिक सतह देखी ७८२ मिटर देखी ८१९७ मिटर अग्लो धवलागिरी हिमाल सम्म कुल २२ ९७.०६१ किलोमिटरमा लुकेर बसेको छ । कुल क्षेत्रफल मध्ये १० प्रतिशत मात्र खेती योग्य जमीन ५ प्रतिशत चरन क्षेत्र ४० प्रतिशत जंगल र ४५ प्रतिशत अग्ला पहाड भिर, हिमाल बगर क्षेत्रले ओगटेको छ । २०७८ को जनगणना अनुसार म्याग्दीको जनसंख्या


धार्मिक पर्यटकीय स्थल जगन्नाथधाम

एक लाख ७ हजार ३३ छ । पाँच सय ७९ गाउँ तथा बस्ती जसमध्ये ३९ प्रतिशत मगर जातीको बाहुल्य रहेको र त्यस पछि क्षत्री, कामी, बाहुन, सार्की, दमाइ, छन्त्याल, थकाली, नेवार, गुरूङ आदी जाती, जनजातीको बसोबास रहेको छ ।

पर्यटकीय सम्पदा भनेको पर्यटकहरूलाई भ्रमण गर्न मनोरञ्जन प्रदान गर्न आकर्षणगर्ने बस्तु तथा स्थानहरू हुन् । म्याग्दी विश्वमानै छैठौं अग्लो धवलागिरी हिमालको जिल्लाको रूपमा चिनिन्छ । यहाँका मनमोहक हिमश्रृङ्खला पहाड, नदि, झना, भौगोलिक वनावटले भरिपूर्ण छ । यस जिल्ला जैविक तथा साँस्कृतिक विविधताको पनि धनी छ । विभिन्न जाती एवम् समुदायहरूको आ-आफ्नोभाषा संस्कृती, नाचगान, चालचलन, भेषभुष, जीवनसैली, चाडपर्व पनि पर्यटकहरूका लागि आकर्षकका बस्तुहरूहुन् । हाम्रा प्राचिन स्मारक, मन्दिर, देवालय, धार्मिक स्थल, गुम्बा, पुरातात्वीक महत्वका वस्तु तथा सम्पदाले पर्यटकको मन लोभ्याउँन सक्छन् । यी सम्पूर्ण पर्यटकीय वस्तुहरूको पहिचान र विकास गर्न सके मात्र पर्यटन क्षेत्रको विकास सम्भव छ ।

म्याग्दी जिल्लाका पर्यटकीय संसाधन

१. हिमाल

हिमालय पर्वत श्रेणी पर्यटकहरूका लागि संसारकै प्रमुख आकर्षणका वस्तु हुन् । नेपालमा पर्यटकको प्रमुख आकर्षण हिमाल नै हो । म्याग्दी जिलला पनि हिमालय पर्वतमालाको लागि समृद्ध छ । म्यागदीको झण्डै ३६% भुभाग हिउँले ओगट्ने गर्दछ । विश्वप्रसिद्ध धौलागिरी हिमश्रृङ्खलाको सर्म्पूण भाग अन्नर्पूर्ण हिमालकोझण्डै एक तिहाई भाग म्याग्दीमा नै पर्दछन् भने निलगिरी साउथ लगायत धौलागिरी प्रथम ८१९७ धौलागिरी दोश्रो ७७५१ धौलागिरी तेश्रो ७७१५ धौलागिरी चौथो ७६६१ धौलागिरी पाँचौं ७६१८ धौलागिरी छैठौं ७२६८ गुर्जा हिमाल ७१९३ चुरेन हिमाल ६५७०, सिता हिमाल ६६११, मानापाथी मुकुट पठा, चुचुरा लगायतका हिमशिखर ६००० मिटर भन्दा अग्ला ५१ वटा पिकहरू नेपाल पर्वतारोहण संघले सूचिकृत गरेको छ ।

सर्वाङ ग्लेसियर, छङवराङ ग्लेसियर, कोरू ग्लेसियर जस्ता प्रख्यात हिमनदी तथा धवलागिरी बेसक्याम, फ्रेन्च बेसक्याम्प, धम्पुस पास, हिडेन भ्याली, अन्नपूर्ण बेस क्याम्प, लगायत सबै हिमालमा बेसक्याम्पले अझ जिल्लालाई सम्भावित साहसीक पदयात्रा तथा आरोहणका लागि रोमाञ्चक छन् ।

२. पहाडः-

जिल्लाका अधिकांश जमीन हिमालले मात्र ओगट्नुको अलावा उच्च पहाडी पर्वत घाँटीहरूले पनि म्याग्दीको शोभा बढाएका छन् । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६,(साविकको घार गाविस)मा पर्ने पुनहिल दृष्यावलोकनका लागि विश्व विख्यात छ । यो धुरी अन्नपूर्ण फेरोको उत्कृष्ट दृष्यावलोकनको भ्यू प्वाइन्ट मानिन्छ । त्यस्तै मोहरे डाँडा(४३८०), खोप्रा लेक(३९९५), आसमानको धुरी(३५०७), रायचौं धुरी (५७२४), मालिका धुरी ३१६९, भित्रिवाङ धुरी ३५३१, बरूणको धुरी ३२७३, सापोङ धुरी ५००७, निस्कोट धुरी ३०३३, जुग्जा मालिका धुरी ३७२१ लगायत २००० मिटर भन्दा अग्ला भ्यू पोइन्टको रूपमा विकास गर्न सकिने गौश्वारा, झाँक्रीपानी, पुलाहश्रम, टोड्के जस्ता डाँडाहरू पनि यहाँ थुप्रै छन् । उच्च पहाड क्षेत्रका अनकन्टार भीर पहराहरू भीर मौरी र सीलाजीतको पाखा छन् । अनौठा खालका भू-दृष्यहरू अजंगका पहरा, विशाल निर्जन भुमी, बक्यानहरू, भेडा, चौरी, गाइ भैसीका गोठ तथा चरन क्षेत्र थप आकर्षणका रूपमा लिन सकिन्छ ।

३. जलश्रोत ः

धौलागिरी हिमश्रृङ्खला र अन्नपूणृ हिमश्रृङ्खलालाई कालीगण्डकीको खोँचले छुट्याएको छ । यही नै खोज हो जुन अन्धगल्छीको रूपमा संसार कै गहिरो रूपमा कृतिमानी छ । कालीगण्डकी, मयाग्दी खोला, रघुगंगा, मिरस्ती खोला, रूम खोला, दरखोला, गुरगंगा खोला जस्ता खोलानाला म्याग्दी नदी र कालीगण्डकीले आफूमा समाहित गराएका छन् । यो जिल्लाको प्रख्यात बेनी जोमसोम सडक खण्डमा पर्ने रूप्से झरना, दरखोलाको झरना, हिस्तान, नारच्याङ झरना, मराङ खोलामा अवस्थीत झरना, सिंगा तातोपानी कुण्ड, दर्मीजा तातोपानी कुण्ड, मुदी तातोपानी कुण्ड, नारच्याङ तातोपानी, पाउद्वार तातोपानी, मुदीको तातोपानीको झरना, बगर तातोपानी जसता अनेकन तातोपानी कुण्डहरू प्रकृतिक चिकित्साक तथा हटस्प्रीङका लागि उल्लेख्य श्रोतकोरूपमा रहेका छन् । सशस्त्र द्वन्द्वले १० वर्ष सम्म थलीएको यस जिल्ला २०६२/०६३ को सफल जनआन्दोलनले दिएको परिवर्तनले यस जिल्लामाबाँकी पाँचौं पृष्ठमा

# सादर धन्यवाद



म्याग्दी प्रवासी नेपाली संघ (मोना) जापानको अध्यक्ष पदमा निर्विरोध चयन भएपछि हजुरहरूले दिनु भएको बधाई संदेश, माया र विश्वासले मलाई आगामी दिनमा अझै सामाजीक कार्य गर्न प्रेरित गरिरहेको छ।

तपाईहरूको सदभाव, साथ र मार्गदर्शन आगामी दिनहरूमा पनि प्राप्त हुने आशा लिएको छु । हामी सबैको साथ, सहकार्य र सामूहिक प्रयासले हाम्रो संस्था सशक्त, पारदर्शी र समावेशी बन्न सक्छ।

सम्पूर्णमा पुन: एक पटक धेरै धेरै धन्यवाद दिन चाहान्छु।

गणेश श्रेष्ठ
नव निर्वाचित अध्यक्ष
म्याग्दी प्रवासी नेपाली संघ (मोना) जापान
परिवार

# हार्दिक शुभकामना

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको म्याग्दी नेपाल साप्ताहिक पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछौं ।

**डा.रबि रंजन प्रधान**
**प्रमुख मेडिकल सुपरिटेण्डेन्ट**

## प्रदेश अस्पताल बेनी

**बेनी नगरपालिका-८, , म्याग्दी**

जेष्ठ नागरिक ओ.पि.डि. सेवामा बढीमा रु १२००, उपचार कक्षमा बढीमा रु ४००० सम्म नि:शुल्क नेपाल सरकारबाट उपलब्ध गराइएको ज्येष्ठ नागरिक परिचयपत्र वा नागरिकताका आधारमा अस्पताल व्यवस्थापनले तोकेको उमेर हद (६०-६५) वर्षका ५०% सम्म, (७०-७५) वर्षका७५ %, (८०-८४) को लागि निम्नानुसार तोकिएको सेवा पुरा निशुल्क र ८५ वर्ष भन्दा माथिका जेष्ठ नागरिकलाई सबै सेवा नि:शुल्क हुनेछ ।

# ब्यबस्था होईन: अबस्था परिवर्तन




नेपालमा लामो समय देखिको राजनितिक अस्थिरताले गर्दा पहिला भन्दा केहि फरक भएपनि सोचे जस्तो प्रगति हुन सकेको छैन। यस्तो बेलामा युवाहरुमा राजनिति प्रति वितृष्णा बढ्नु, नेताहरू प्रति असन्तुष्ट हुनु स्वभाविक हो । यस्तो बेलामा अभियन्ताका नाममा केहि थान चटकेहरु देखिनु, अराजकताको बलमा आफु पपुलिस्ट बन्नु, भ्रमको खेती गर्नु र धमिलो पानीमा माछा मार्न खोज्नु नौला बिषय होईनन् । तर यसको आयु लामो हुंदैन । सरकार मात्र स्थिर हुने हो भने यस्ता प्रवृतिहरू आफै कमजोर हुंदै जान्छन् ।

जनताले लडेर ल्याएको लोकतान्त्रिक गणतन्त्रका बिरुद्ध अहिले धावा बोल्ने काम भईरहेकोछ। यो पनि अस्थिर राजनितिको प्रतिफल हो । हाल नेपालको संबिधान अनुसार लोकतन्त्रको परिभाषा जनताले, जनताद्धरा जनताको प्रतिनिधी चुन्ने प्रक्रिया हो । जसको सुन्दर पक्ष आवधिक निर्बाचन मार्फत प्रतिस्पर्धाबाट श्रेष्ठता हांसिल गर्नु नै हो । जहाँ बहुमतको सरकार र अल्पमतको प्रतिपक्षको कल्पना गरिएको हुन्छ जुन ब्यबस्था संसार मै उन्नत मानिन्छ । चुनाबमा पार्टीहरु बीच प्रतिस्पर्धा हुन्छ । एउटै पार्टीको बहुमत आएमा सो पार्टीको नेतृत्वमा सरकार फर्मेसन हुन्छ र एउटै पार्टीको बहुमत नआएमा दुई वा दुई भन्दा बढी पार्टीहरू मिली सरकार बन्ने गरेको हुन्छ । अहिले नेपालमा भएको पनि त्यही हो । हामीलाई नेता मन नपर्न पनि सक्छ तर त्यसको पनि प्रक्रिया हुन्छ। जनताले आफ्नो नेता चुन्ने अधिकार राख्दछन र त्यहाँ चुनाब हराउन पनि सक्छन् तर संसद भएर आएपछि त्यस भन्दा माथीको सबै प्रक्रियामा उसले भाग लिन पाउँछ।

हाम्रो संसदिय ब्यबस्थामा संसदिय दलको नेता निर्बाचित भएको ब्यक्ति नै प्रधामनमन्त्री बन्ने प्रचलन छ । जसले गर्दा पद प्राप्तिका निम्ति तीन पटक निर्बाचित हुनुपर्दछ । जस अनुसार पहिलो पटक निर्बाचन क्षेत्र, दोस्रो पटक संसदिय दलको निर्बाचन र तेस्रो पटक प्रधानमन्त्रीको निर्बाचन । पार्टी भित्रको आन्तरिक प्रतिस्पर्धामा जो अब्बल छ वा जो निर्बाचित हुन्छ उसैले नेतृत्व गर्न पाउँछ र त्यो ब्यक्ति सांसद संख्याको बहुमतका आधारमा प्रधानमन्त्री हुन सक्दछ ।

ईतिहांसलाई फर्केर हेर्दा २०४६ सालको जनआन्दोलनको जगमा मुलुकमा प्रजातन्त्र आयो र नेपालको संविधान २०४७ जारी भयो । जस अनुसारको प्रजातान्त्रिक ब्यबस्थामा राष्ट्राध्यक्ष राजा हुने र मुलुकको कार्यकारी अधिकार प्रधानमन्त्री संग रहेर राष्ट्र संचालन हुन्थ्यो जहाँ वंशको आधारमा राजा परिवर्तन हुंदै जाने हुन्थ्यो । तर २०६२/०६३ को जन आन्दोलनले राजतन्त्रको अन्त्य गर्दै गणतन्त्र स्थापना गऱ्यो । जस अनुसार जनताको छोरो राष्ट्र प्रमुखमा निर्बाचित हुन्छ । हामीले निरंकुस राजतन्त्र ब्यहोरेका छौं । नयाँ पुस्ताले त्यो देख्न पाएनन् सायद यसैले होला उनीहरू र ाजतन्त्र ठीक हो कि भन्दै छन । उनीहरुको बुझाई राजाले नै देश चलाउने हो भन्ने छ । उनीहरूले यो निरंकुश हुन्छ भन्ने पनि बुझेका छैनन् तर यथार्थमा चाहे प्रजातन्त्र होस या लोकतन्त्र देशको नीति बनाउने र देश चलाउने राजनीतिले नै हो । संसारभरि चाहे अमेरिका होस या भारत, जापान होस या बेलायत ती सबै देशहरुमा राजनितिले नै राज्य सञ्चालन गरिरहेका हुन्छन् । होला जापान र बेलायतमा राजा सहितको प्रजातन्त्र होला तर अमेरिका र भारतमा राष्ट्रपति सहितकै लोकतान्त्रिक गणतन्त्रको ब्यबस्था छ । लोकतन्त्र भित्र स्वतन्त्रता हुने हुंदा जनताले आफ्ना बिचारहरु खुलस्त राख्न पाउँछन । त्यसैले लोकतन्त्रको बिकल्प राजतन्त्र हुन सक्दैन ।

राजनितिक दलहरुलाई लाग्ने गरेको प्रमुख आरोप भ्रष्टचार संग जोडिएको हुन्छ । अमेरिका जस्तो देशमा निर्बाचन हुँदा बकाईदा ठुला ठुला ब्यापारीबाट चन्दा लिएर चुनाब खर्च गरेका हुन्छन् । भारत लगायत संसारका सबै लोकतान्त्रिक देशहरुमा ब्यापारी संगबाट सहयोग लिएर चुनाब क्याम्पेन नै चलाएका हुन्छन् । नेपालमा पनि सबै पार्टीहरुको आफ्नै आम्दानी हुदैन । सबै पार्टीहरु सहयोगबाटै चल्दै आईरहेका छन् । हो यतिबेला राजनीतिक दल र त्यसका मुल नेताहरुलाई ब्यापारी र बिचौलिया संग जोडेर भ्रष्टचार गऱ्यो भनि बद्नामित गरिएको छ । त्यसैले यसमा दलहरू पारदर्शी हुनु जरुरी छ । त्यसैले अहिलेको समय ब्यबस्था परिबर्तनको होईन अबस्था परिबर्तनको हो । जनताको अवस्था परिवर्तन गर्न सरकारले जनपक्षिय र अर्थतन्त्र सुधारका कार्यक्रमहरू ल्याउनु पर्दछ । यो सब स्थिर सरकारले मात्रै गर्न सक्छ । जसरी क्रिकेट म्याचमा भन्ने गरिन्छ रन नबने पनि क्रिजमा टिकेर बस्न सकियो भने रन त बिस्तारै बन्दै जान्छ । त्यसरी नै सरकार स्थिर भयो भने बिस्तारै बिकासका काम पनि हुँदै जान्छन ।

हो, देशमा अस्थिरता छ। यस्तो बेलामा एकथरी यो देशमा केहि पनि हुँदैन यहाँ भविष्य छैन भन्ने जबर्जस्त भाष्य निर्माण गरिरहेका छन भने अर्का थरी अराजकताको बलमा नेताहरुले केहि गरेनन् भन्दै गाली गलौज कै स्तरमा उत्रेका छन् । लोकतन्त्रमा बोल्न पाईन्छ भन्ने नाउमा कतिपय आफुलाई अभियन्ता भन्नेहरु नै तल्लो स्तरमा झरेर लोकप्रियता कमाउन खोज्नु त्यो क्षणिकमा रमाउनु मात्रै हो । एउटै दलको बहुमत नआउँदा बर्ष बर्षमा सरकार फेरिएको हामीले देखेका छौं । अहिले अस्थीरता चिर्न दुई ठुला पार्टी मिलेर सरकार संचालन गरेका छन् । कमसेकम अबको चुनाब सम्म देशले स्थिर सरकार पाएको छ । सरकार बनेको दिन देखि नै देशमा केहि न केहि परिवर्तनका संकेतहरू देखिएका छन् । नेप्सेले केही उचाई लिएको छ । शेयर कारोवार बढेको छ। बैकमा अधिक तरलता छ। बिदेशी मुद्रा संचितिको अबस्था पहिला भन्दा धेरै राम्रो छ । चीन संगको बिआरआई परियोजना र भारत संगको बिभिन्न ब्यापार परियोजना संझौता भई कार्य अगाडि बढ्दैछन् । थानकोट सिस्नेखोला सुरुङ मार्ग होस या सिद्धबाबा सुरुङ मार्ग । बुटवल नारायणगढ राजमार्ग होस या मुग्लिन पोखरा । हुलाकी राजमार्ग होस या पुर्ब पश्चिम रेलवे मार्ग । मध्यपहाडी होस या कालिगण्डकी कोरीडोर । टियु रंगशाला होस या कर्णाली । फास्ट ट्र्याक होस या केरुङ–काठमाण्डौ रेल । हाईड्रोपावर होस या जंगली जडीबुटीको प्रशोधन तथा निर्यात । यी सबै कामले गति लिंदै छन् । तर हामी धैर्यता गुमाईरहेका छौं । हामीलाई बिकसीत राष्ट्रहरुकै अनुपातमा तीब्र गतिको बिकास चाहिएको छ । जुन तुरुन्तै सम्भव छैन । नेपालको बर्तमान समस्या अस्थिर राजनिति हो । स्थिरता मात्र भयो भने देशले छलाङ मार्नेमा दुइमत छैन । तर अझै पनि जनतालाई अब देशमा केहि हुन्छ भन्ने परिसकेको छैन । त्यसका निम्ति सरकारले बिकासका कामलाई अझै तीब्रता दिनुपर्ने हुन्छ । अब कुनैपनि बाहनामा देशलाई अस्थिर बनाउने छुट कसैलाई पनि छैन।

सत्य कुरा अहिले नेपाललाई चाहिएको स्थिर सरकार हो । त्यसो भयो भने मात्र साँचो अर्थमा लोकतन्त्रको बलियो हुन सक्दछ। हाम्रा नेताहरूको कमीकमजोरीहरु धेरै होलान लोकतन्त्रमा पार्टी र नेता मन नपरे फेर्न पनि पाईन्छ । तर हामीले गर्ने बिकास हाम्रै सिमित साधन श्रोत र बजेटको आकारको आधार मै हो । कसैले आएर हाम्रो देश बनाईदिने हैन । देश बनाउने हामीले नै हो । वस्, मुलुकमा फेरि सरकार परिवर्तनका खेलहरू नहुन ।

परिस्थिति बिग्रीसकेको छैन । मतदाताहरू आफ्ना जनप्रतिनिधी संग रिसाए होलान तर मत परिवर्तन गरेका छैनन् । चाहे संघ/प्रदेशको उपचुनाब होस या स्थानिय उपचुनाब अथवा अहिले कै स्वविय चुनाब किन नहोस, २०८४ को चुनाबमा एमाले, कांग्रेस र माओबादी नै क्रमश प्रथम द्धितिय र तृतीय शक्तिको रुपमा आउने निश्चित देखिन्छ । चौथोको लागि प्रतिस्पर्धा रास्वपा र राप्रपा कै हो ।

त्यसैले सामाजिक संजालमा देखिए जस्तो देश खत्तम भएको छैन । तर अधिकांश सामाजिक संजाल प्रयोगकर्ताहरुको बिकृत रुप बिभिन्न लाईभ प्रसारण र समाचारहरुका कमेन्टमा हेर्न पाईन्छ । आफ्नै देश शक्तिशाली देश संग अन्तराष्ट्रिय स्तरको खेल खेलिरहेको हुन्छ तर गोल हान्न सकेन भने या क्रिकेटमा रन बनाउन सकेन र विकेट लिन सकेन भने लाईभ प्रशारण भएको च्यानलको कमेन्टहरु हेर्नै नसक्ने हुन्छन् । हाम्रो देशको प्रमुख या प्रतिनिधी मण्डल अन्तराष्ट्रिय स्तरका कार्यक्रममा बोलिरहेको हुन्छन् । तर हामी तल कमेन्ट सेक्सन बन्द गरेर हेर्नुपर्ने हुन्छ । हाम्रो समाज कहां पुगेछ ? नेपालीको पहिचान एक अर्का बीचको मानवता, हार्दिकता, समवेदना, सहयोग र सद्भावले नै चल्दै आईरहेको हो। तर हाम्रो लोकप्रियता प्राप्त गर्ने होडमा आफु राम्रो बन्ने र अरुलाई तल खसाल्ने परिपाटीको अन्त्य हुनुपर्दछ।

हार्दिक शुभकामना

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको म्याग्दी नेपाल साप्ताहिक पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछौं ।

देवेन्द्र घिमिरे
महासचिव

विनोद घर्ती
अध्यक्ष

म्याग्दी जेसीज परिवार

हार्दिक शुभकामना

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको म्याग्दी नेपाल साप्ताहिक पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछौं ।

टंकलाल श्रेष्ठ
सञ्चालक
होटल ताजमहल लज एण्ड रेष्टुरेन्ट
बेनी नगरपालिका-९ गलेश्वर, म्याग्दी

## म्याग्दीमा ......

असंख्य साना ठुला विद्युत आयोजना, कायाकीङ, न्याफ्टीङ गर्न जिल्लाका म्याग्दी नदी तथा काली गण्डकीलाई उपयोग गर्न सकिन्छ ।

वनजंगल :- जिल्लाको लगभग ३०-३५% भू-भाग वनक्षेत्रले ओगटेको छ । वन आफैमा प्रकृतिक सुन्दरता, वातावरणीय सन्तुलन, जैवीक विविधताका मुख्य आधार हुन् । अन्नपूर्णसंरक्षण क्षेत्र, ढोरपाटन शिकार आरक्ष म्याग्दीले पनि ओगटेको छ । सामुन्द्रीक सतहको ८०० देखि ८१६७ मिटर सम्मका भू-धरातलीय अवस्थाले तराइमा पाइने रूख क्रमश, चाँप, साल, सीसौ देखि कोणधारी चौडापाते झाडी,२७ प्रजातिका लालीगुराँसका जात, बुकी फुल वनस्पतीहरू ठुलाठुला लौठ सल्लाका जंगल पाइन्छ । भनिन्छ अति दुर्लभ वन्यजन्तु, यती, हिमचितुवा पनि यहीक्षेत्रमा बसोबास गर्दछन् । कस्तुरी, मृग, राते, घोरल, झारल, नाउर भालु, बाघ, चितुवा, फ्याउरो, ब्वाँसो, लोखर्के, रेडपाण्डा, बँदेल आदी बन्यजन्तुहरू पनि यहाँ पाइन्छ । डाँफे, मुनाल, फोक्राँस, कालीज, च्याखुरा लगायत हिमाली चराचुरुङ्गीको बासस्थान रहेको छ। यस्ता वन क्षेत्र पर्यापर्यटन अनुसन्धान, जंगलसफारी, जैविक विविधता अवलोकन गर्ने जस्ता पर्यटकीय गतिविधिका श्रोत बन्न सकदछन् ।

धार्मिक तथा ऐतिहासीक स्थल:- आन्तरीक तथा बाह्य पर्यटकहरूलाई आध्यन अवलोकन तथा र्दशनिय धार्मिक स्थलहरूको पनि यस जिल्लामा कमी छैन । पुराण प्रशिद्ध ऋषि पुलस्त्य पुलहको तपोभूमि पुलाहश्रम(पछै) राजा रहुगण तथा जडभरतको धयान स्थल, प्रशिद्ध गलेश्वरधाम, प्रशिद्ध तिर्थस्थल ऋखार क्षेत्र, खयर बराहक्षेत्र, जगन्नाथ, गाजने, मालिकास्थान, ताकमकोट, ज्यामरूककोट, निधिकोट, धारखोला, बेनी शिवालय, महारानीथान, गायत्री मन्दीर, बुद्ध बिहार लगायतका थुप्रै मठमन्दिर र देवस्थल तिर्थस्थलहरू यहाँ छन् । पुरातात्विक तथा ऐतिहासीक दृष्टीकोणले नेपाल एकिकरण पूर्वको बाइसे चौबीसे राज्यकालमा शक्तिशाली पर्वत राज्यको राजधानी रहेको ठाउँ ताकम ढोलठान, डढेकोट, बेनी कोट, समेतले पर्यटकका लागि महत्वपूर्ण विषय बन्न सकछन् ।

सामाजिक पक्षः-

विभिन्न मानव जातजाती, जनजातीहरूको आ-आफ्नै मौलिकता, संस्कृती, परम्परा हुन्छन् । यस्ता फरकखालका परम्परा तथा सांस्कृतिक सम्पदाहरू पनि पर्यटकहरूको चासोका विषय वस्तु हुन् । म्याग्दी पनि विभिन्न जातजातीको सामाजिक सद्भाव पूर्वक बसोबास गरी आएको परम्परा छ । म्याग्दी विशेषत मंगोल पन मुलका मगर जातीहरूको बाहुल्य भएको र छन्त्याल, थकाली, गुरूङ, नेवारहरूको बसोबास छ । आर्य, खस, मुलका क्षेत्री, ठकुरी, ब्राह्मण, दमाई, कामी, सार्की आदी जाती जनजातीको बसोबास छ । नेपालकै अल्पसंख्यक छन्त्याल जातीको बसोबास पनि यो जिललामा छ । सबै जातीका आ-आफ्ना परम्परा, संस्कार, भाषाको अस्तीत्वमा छन् । कतिपय गाउँ एवम् ठाउँ विशेषका विशिष्ट परम्परा तथा संस्कृती समेत अनौठो खालका छन् । त्यस्ता विशिष्ट परम्परा मेला, चाडपर्व, रीतीरिवाज, रहनसहन, भेषभुषा, स्थानीय कला र शीपमा आधारित उत्पादन एवम् आस्थाका केन्द्रहरू पनि पर्यटकका लागि आकर्षक बस्तु हुन सक्छन् ।

पर्यटन विकासका सम्भावनाहरू:- परम्परादेखि खेतीपाती गर्ने भारतीय तथा ब्रिटिस सेनामा भर्ती हुने परम्परा रहेको यो जिल्ला हाल पनि बैदेशिक रोजगार नै यो जिल्लाको मुख्य आम्दानीको श्रोत हो । यहाँको वित्तीय आँकडा अनुसार विप्रेषण(रेमिट्यान्स) मात्रै वार्षिक ४ अर्ब भन्दा बढी भित्रिने गर्दछ । तयसको अलावा खेतीपातीमा जीवन गुजारा चलाउने म्याग्दीबासी पर्यटन क्षेत्रमा आत्मनिर्भर त के कस्तुरीले आफ्नो सुगन्ध जंगलमा खोजे जस्तो छ । त्यती हुँदाहुदै पनि यस जिल्लामा वार्षिक ६० हजार बिदेशी पर्यटक भित्रने गरेको पाइन्छ । जसबाट जिल्लामा १२ करोड रूपैया जिल्लामा भित्रिने आंकलन गर्न सकिन्छ ।



बेनी बजारमा रहेको चार सय वर्ष पुरानो भर्तीवम शिवालय उचित प्रचारको अभावमा पर्यटकको आगमन यस मन्दिरमा सोचे जस्तो हुन सकेको छैन ।

धौलागिरी तथा अन्नपूर्ण हिमश्रङ्खला लगायत अन्य हिमाल तथा चुचुराहरू नै पर्यटकलाई दिने मुख्य आकर्षण हुन् । यि हिमाल तथा हिमश्रृङखलालाई विश्वलाई बेचन सके जिल्लामा पर्यटकलाई दिनु पर्ने सुविधा बाटो, सञ्चार, सुरक्षा, व्यवस्थित होटलको व्यवस्थामा ध्यान दिन सके पर्यटकहरूको ओइरो नै लाग्ने प्रबल सम्भावना छ ।

पर्वतारोहणमा सम्भावना सँगसँगै पदयात्रा तथा दृष्यावलोकन पनि म्याग्दीको लागि बरदान सावित हुन सक्छ । विश्वको १० पदमार्ग मध्ये उत्कृष्ट पदमार्ग अन्नपूर्ण संरक्षण क्षेत्र सँग जोडिएको जिल्लाका घोडेपानी, पुनहिल क्षेत्र, दाना, तातोपानी, अन्धगल्छी, गलेश्वर तथा बेनी बजार क्षेत्रमा पर्यटकहरूको उत्साहजनक प्रवाह हुने गर्दछ । त्यस्तै म्याग्दी नदिको किनारा हुँदै धौलागिरी परिक्रमा, ढोरपाटन क्षेत्र, बेनी-ताकम-ढोरपाटन-डोल्पा पदमार्ग पनि विश्वका पर्यटकलाई लोभ्याउन सक्ने पदमार्ग हुन् । बेनी घुमाउने ताल नागी राम्चे खोप्रा ग्रामिण पर्यटन मार्ग, बेनी भगवती बेग कालापानी धौलागिरी आइसफल ट्रेक गलेश्वर पुलहाश्रम टोड्के ऋखार क्षेत्र धार्मिक पर्यटन ट्रेकको महत्वपूर्ण क्षेत्र हो । त्यस्तै बेनी चिमखोला, ध्यासीखर्क धौलागिरी बेसक्याम्प लेते पदमार्ग, बेनी जगन्नाथ टोड्के मालिका बीम पदमार्ग, बेनी ताकम मुदी गुर्जा गुर्जाघाट पर्यापर्यटन तथा जंगल सफारी बनबाचीङ वन्यजन्तु अवलोकन ट्रयाक । रत्नेचौर भकुण्डे, गौश्वारा, भकिम्लि, झाँक्रीपानी, निस्कोट रूम पदमार्ग जस्ता अनगिन्ति पदमार्ग तथा दृष्यावलोकनका लागि अति सम्भावना बोकेका ठाउँहरू छन् ।

पर्यटकहरूमा नयाँ ठाउँ र पदमार्गमा कौतुहलता रहने हुँदा जिल्ला भित्र लामा तथा छोटा दुरीका बैकल्पिक पदमार्गका पहिचान गरि आकर्षण बढाउन सकिन्छ ।

म्याग्दी जिल्लामा घना गुरासे जंगल, घोडेपानी क्षेत्र, कुइने मंगलेका घना बाक्ला जंगल, ढोरपाटन शिकार आरक्ष भित्र गुर्जाखानीका जंगली विविधताले इको टुरीजम(पर्य पर्यटन)कोविकास गर्न सकिन्छ ।

ग्रामिण पर्यटनः- हिजो आज ग्रामिण पर्यटन पनि पर्यटकका लागि आकर्षणका बस्तु बनेका छन् । र्पिण पारिवारीक वातावरणमा पाहुनलाई स्वागत गरी ग्रामिण जनजिवनका बारेमा जानकारी गराई आयआर्जनका श्रोबढाउन सकिन्छ । मयाग्दीमा त्यस्ता खालका होमस्टे नागी, राम्चे, हिस्तान, खिवाङ शिख, पाउद्वार, कुँहु, पूर्णगाउँ, भिँ, नारच्याङ आदी ठाउँमा सञ्चालनमा आइ सकेका छन् । यस्ता होमस्टे चलाउन सकने गाउँहरू चिमखोला, दर्मीजा, पाखापानी, मल्कवाङ, गुर्जा देविस्थान, निस्कोट, बरंजा, अर्मन जसता थुप्रै गाउँहरू जो सांस्कृतिक हिसाबले धनी छन् ।

तातोपानीका कुण्डहरू:- म्याग्दी जिललाका बिभिन्न भेकमा तातोपानीका कुण्डहरू छन् । जसमा प्रख्यात सिंगा तातोपानी, भुरूङ तातोपानी, पाउद्वार तातोपानी, दर्मीजा तातोपानी, गुर्जा-मुदी तातोपानीजसता तातोपानीका कुण्डमा डुबेर प्राकृतिक उपचार गर्ने र आनन्द लिने सक्ने भएकाले यस्ता कुण्डहरूको प्रचार प्रसारले आन्तरीक तथा बाह्य पर्यटकलाई आकर्षण गराउन सकिन्छ । त्यस बाहेक साँस्कृतीक पर्यटन, कालीगण्डकी, म्याग्दी खोलामा न्याफ्टीङ, शैक्षिक क्षेत्रमा भएको विकाससँगै विद्यालय अवलोकन भ्रमण पनि आन्तरीक पर्यटन विकासमा आधार हुन सक्छन् । अनी हनि हण्टिङ, माउन्टेन क्लाइम्बिङ जस्ता विषयले पनि पर्यटन विकासमा टेवा पुग्न सक्छ ।

पर्यटकको विकासमा म्याग्दीका समस्याहरू:-

१. पर्यटन सेवामा व्यवस्थापन तथा र्पाधारको अभाव
२. प्रचार प्रसारको अभाव ।
३. सरोकारवालाहरू कमी ।
४. संस्थागत प्रतिस्पर्धा नहुनु ।
५. पर्यटनका बारेमा चेतना नहुनु ।
६. पदमार्ग छोटीदै जानु ।
७. जन निर्वाचित जनप्रतिनिधिले पर्यटनका बारेमा चासो र ऐतिहासीक र्पारातात्वीक, सांस्कृतिक सम्पदाको संरक्षण नहुनु ।

पर्यटन क्षेत्रको विकासमा भूमिका रहने सरोकारवालाहरू ।

१. पर्यटन व्यवसायी
२. राजनैतिक पार्टीका नेताहरू सामाजिक अगुवाहरू
३. जिल्ला समन्वय समिति
४. गाउ तथा नगरपालिका
५. स्थानीय संघ संस्था,
६. नेपाल पर्यटनबोर्ड, पर्यटन तथा उद्योग कार्यालय
७. दातृ निकायहरू
८. नेपाल सरकार

जिल्ला जतिसुकै सम्पदाले धनि भएपनी प्रचुर सम्भावना देखीएतापनी यहाँका मुख्य सरोकारवालाहरूको प्रवल इच्छाशक्ती तत्परता लगनसिलता मेहनत नहुदा सम्म जिल्लाको पर्यटनको क्षेत्रमा सम्भावनालाई वास्तविकतामा परिणत गर्न सकिदैन । तसर्थ खाचो भनेको उपयुक्त सोच र तदारूकता, आपसी एकता, वृहद जागरूकता हो ।

*लेखक नेपाल रेडक्रस सोसाइटीका सभापती हुनुहुन्छ ।*

## तीन दशक ......

सञ्चालीत उहाँको व्यवसाय मुल्य अभिवृद्धि कर(भ्याट) मा दर्ता भएर सञ्चालनमा रहेको बताउनुहुन्छ । एक छोरा र एक छोरीका बाबा टंकलाललाई उहाँकी पत्नि दुर्गाले पनि होटलमा साथ दिदै आउनु भएको छ । छ जना अन्य कर्मचारी र श्रीमानश्रीमती गरी ८ जनाले ताजमहलमा रोजगारी पाएका छन् । अरूलाई रोजगारी दिने त छँदै छ आफूले सोचे अनुसारको बचत पनि गर्न सकिने उहाँको कथन छ । राज्यले तोकेको हरेक मापदण्ड पुरागरेर थालेको व्यवसायमा राज्यको आर्थिक नीति अनुरूपको कार्य गरेर भ्याटमा सञ्चालीत भएको उहाँ बताउनुहुन्छ । राज्यले तोकेको समयमा अध्यावधिक गराउनुका साथै हरेक कुराहरू व्यवस्थीत र चुस्त बनाउने प्रयासमा सँधै रहने गरेको उहाँको अनुभव छ ।

पर्यटकीय क्षेत्र गलेश्वर धाममा आवश्यक पर्ने र्पूवाधार विकासका लागि होटल ताजमहलले एउटा फरक कोसेढुंगाको काम गरेको पर्यटन व्यवसायीहरूको भनाई छ । पर्यटन व्यवसाय एउटा व्यवसाय सँगै रोजगारीको पनि राम्रो क्षेत्र भएको हुँदा यस क्षेत्रमा आवद्धहरू आफै अभ्यस्त भएर पछि पुनः आफ्नै बलबुतामा व्यवसाय सञ्चाल नगर्न सक्ने श्रेष्ठको भनाई छ । आउने पाहुनाहरूले गर्ने व्यवहारले गर्दा कहिलेकाही व्यवसाय नै छाडेर हिड्ने हो कि जस्तो सम्म पनि लाग्ने भए पनि यही क्षेत्रमै ३० वर्ष सम्मको सक्रियताले गर्दा अब यो पेशा छाडेर अन्यत्र जाने भन्ने मनमा पनि खासै आउँदैन ।

## साताको तस्बीर






हिन्दूहरुको पवित्र तिर्थस्थलको रुपमा रहेको बेनी नगरपालिका-९ गलेश्वर मन्दिरमा साउन महिनाको अन्तिम सोमबार भक्तजनहरुको भीड । यस वर्षको साउन महिनाभरमा एक लाख भन्दा धेरै भक्तजनले मन्दिरमा पुजाअर्चना तथा दर्शन गरेको गलेश्वर मन्दिरका मुल पुजारी चन्द्रमणी आचार्यको भनाई छ । तस्बीर: *म्याग्दी नेपाल*


# नेशनल ड्रग सेन्टर
## पाण्डे हेल्थ क्लिनिक एण्ड ल्याव सेवा
अस्पताल चोक, बेनीमा

**श्रावण महिनाको पाँचौं शनिबार**



**डा. हेमा छन्त्याल**
स्त्री तथा प्रसुतीरोग विशेषज्ञ

महिला सम्बन्धी सम्पूर्ण समस्याहरू जस्तै तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, योनी चिलाउने, महिनावारी गडबडी हुने तथा रगत धेरै बग्ने, गर्भवती सम्बन्धी समस्या तथा गर्भवती जाँच, बाझोपनको उपचार तथा परामर्श, पिसाब पोल्ने, पिसाब छिटो छिटो लाग्ने, आङ खस्ने तथा खस्ला जस्तो हुने एवम् पाटेघरका अन्य समस्याहरु भएकाहरुले विशेषज्ञ मार्फत नै सेवा लिने मौका नछुटाउनु होला ।

साथै सोही दिन पाठेघरको मुखको पानी जाँच (Pap smear) गरिन्छ ।



**डा. गोविन्द राज पाण्डे**
जनरल फिजिसियन

गानो गोला, ग्याष्ट्रिक, अल्सर, दम, खोकी, निमोनिया, जण्डिस, मुटु भड्किने, ब्लड प्रेसर घटबढ हुने, पिसाब बढी लाग्ने (सुगर रोग), थाइराइड रोगका बिरामीहरुले समयमै सम्पर्क गरी स्वास्थ्यलाभ लिनुहुन अनुरोध गर्दछौं ।



**डा. दिपक बगाले**
वरिष्ठ रेडियोलोजिष्ठ

म्याग्दी जिल्लामै अत्याधुनिक भिडियो एक्सरे मेसिन मार्फत् पेट सम्बन्धी रोगहरु: कलेजो, पित्तथैली, मृगौला, फियो, पिसाव थैली प्रोस्टेट, एपेन्डिक्स लगाएतका अंगहरुमा हुने सुन्निने, पत्थरी पर्ने, पिप जम्ने, गिर्खा आउने ट्यूमर पलाउने क्यान्सर जस्ता धेरै रोगहरु पत्ता लगाउन सकिन्छ । साथै पाठेघरको अवस्था, गर्भमा रहेको भ्रुणको स्थान, उमेर, जुम्ल्याह भए नभएको, भ्रुणको समय अनुसार हुनुपर्ने विकास भए नभएको तथा गर्भावस्थाको पाँचौ महिनामा (१८ देखि २२ हप्ता) गरिने जाँच Anomaly Scan मार्फत् भ्रुणको शारीरिक बनोटको विस्तृत अध्ययनबाट जघन्य खोटहरु पत्ता लगउन सकिन्छ । थाइराइड, स्तन, अन्डकोष, माशपेशी र रक्तनलीको भिडियो एक्सरे द्वारा जाँच गरी रोगहरु पत्ता लगाउन सकिन्छ ।

९८५७६२४३५३-शम्भुराज पाण्डे, ९८६७६२९४२४-अमरप्रसाद पाण्डे
०६९-५२०१९२, ५२०६८८

२०८२ श्रावण ३१ शनिबार

- दैनिक रुपमा डाक्टरहरुद्वारा बिरामी परीक्षण तथा भिडियो एक्स-रे सेवा
- डिजिटल एक्स-रे, इसिजी, गुणस्तरीय ल्याब (प्रयोगशाला) सेवा
- गुणस्तरीय फार्मेसी सेवा

अग्रिम बुकिङको पनि व्यवस्था छ ।





नेवार समुदायले एक महिना सम्म मनाउने वर्षे नाच अन्तर्गतको घोडा नाच प्रदर्शन गरिदै । तस्बीर: *म्याग्दी नेपाल*


# हार्दिक शुभकामना

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको **म्याग्दी नेपाल साप्ताहिक** पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछौं ।

**प्रो.केशव पौडेल/सुजता पौडेल**

## मंगला मेसिनरी एण्ड कृषि सामग्री केन्द्र

बालमन्दिरचोक, बेनी, म्याग्दी
मोवाइल:- ९८५७६२८७२३/९८६७६२८७२३

हामीकहाँ मिनिटेलर, राईस मिल, चेन्स मेसिन, च्याप कटर, इन्डीयन टनेल, नेपाली टनेल, स्प्रे ट्याङ्क, थोपा सिंचाई मोटरहरु बिक्री गरिनुका साथै मर्मत पनि गरिन्छ ।



# हार्दिक शुभकामना

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको **म्याग्दी नेपाल साप्ताहिक** पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछौं ।

## भूमि समस्या समाधान आयोग
## जिल्ला समिति, म्याग्दी



# हार्दिक शुभकामना

लक्ष्मी जननी मिडिया हाउस प्रालिले कृषि, पर्यटन र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा समेट्दै प्रकाशन आरम्भ गरेको **म्याग्दी नेपाल साप्ताहिक** पत्रिकाको सफलताका साथै निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछौं ।

**प्रो.पुर्ण गौचन**

## होटल हिलभ्यू, थकाली भान्साघर

पिपलचोक, बेनी, म्याग्दी
फोन :- ०६९-५२११५८/५२०३५९, ९८५७६३०२७८/९८४७६११७०८

पारिवारीक वातावरणमा आरामदायी वास तथा, कन्टीनेन्टल, नेपाली तथा स्वादीलो थकाली खानाकालागि सदैव हामीलाई सम्झनुहोस ।



DG Print
Beni Bazar, Ganesh Tool



**फ्लेक्स प्रिन्ट**
डिजिटल ब्यानर, होडिङ्बोर्ड, रिफ्लेटिकबोर्ड, लाइटबोर्ड, फ्लेक्स फोटो, स्टिकर प्रिन्ट

**स्क्रिन/अफसेट प्रिन्ट**
टि-सर्ट/जर्सी प्रिन्ट, प्लाष्टिक/फेवरिट ब्याग, विवाह/व्रतवन्ध, शुभकामना, भिजिटिङ कार्ड प्रिन्ट

9857642152, 9847642152 (069-521241) dgprint.beni@gmail.com/bhim.dip@gmail.com


लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशक: अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्क: ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :*erupse@gmail.com*, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादक: तुलसी सुवेदी